छिन्नमस्ता गाउँपालिका
Chhinnamasta Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
छिन्नमस्ता , सप्तरी
Chhinnamasta, Saptari
प्रदेश नं.२,नेपाल
Province no.2, Nepal

प.स.(Letter No):२०७८/०७९ Website:www.chhinnamastamun.gov.np

मिति(Date):२०७८/०८/१६

चलानी नं.(Ref No.): ३२६

बिषय :कार्यालय समय भित्र अनिवार्य उपस्थित भई कामकाज गर्ने सम्बन्धमा।

श्री सम्पूर्ण शाखा,उप-शाखा,इकाई,वडा कार्यालय,स्वास्थ्य चौकीका कर्मचारीहरु सबै,
छिन्नमस्ता गाउँपालिकाको कार्यालय, छिन्नमस्ता सप्तरी ।

प्रस्तुत बिषयमा यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण शाखा,उप-शाखा,इकाई,वडा कार्यालय,स्वास्थ्य चौकीहरुमा कार्यरत रहेका केही कर्मचारीहरु कार्यालय समय भित्र नआउने गरेको,बिदा स्वीकृती नगराई तथा कार्यालय प्रमुखलाई समेत कुनै किसिमको जानकारी नदिई कार्यालय छोडेर अन्यत्र जाने गरेकोमा यस कार्यालय वा मातहतका निकायहरु वाट सम्पादन हुने सेवा प्रभावित भई आमसेवाग्राहीहरुलाई समेत पीरमर्का पर्न गएको र अनुगमन गर्ने निकाय को फितलोपनाको कारणले यस्ता समस्याहरु सृजित भएकोले व्यापक जनगुनासो आईरहेको अवस्थामा यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ र यस्ता सृजित समस्याहरु समाधान गर्न यस कार्यालय बाट बारम्बार सचेत गराउँदा समेत केही कर्मचारीहरु अटेर गरिरहेको कारणले बाध्य भएर पत्र लेख्ने कार्य भएको हो ।

तसर्थ यस गाउँपालिका अन्तर्गतका सबै निकायहरुमा कार्यरत रहेका कर्मचारीहरु प्रचलित ऐन,कानुन नियम अनुसार कार्यालय समय भित्र अनिवार्य उपस्थित भई कार्यालय समयावधि सम्म आ-आफ्नो क्षेत्राधिकार भित्रको कामकाज गर्न गराउन र अत्यावश्यक परेको अवस्थामा अनिवार्य रुपमा बिदा स्वीकृत गराई मात्र कार्यालयमा अनुपस्थित हुन जानकारी गराउनुका साथै अब उप्रान्त निरन्तर रुपमा मातहतका सबै निकायहरु मा अनुगमन ,मूल्यांकन तथा सुपरिवेक्षण गर्ने र अटेर गर्ने कर्मचारी लाई कानुन वमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

बोधार्थ :

१ ) श्री अध्यक्षज्यू,छिन्नमस्ता गा.पा सप्तरी ।(जानकारीको निमित्त)
२ ) श्री उपाध्यक्षज्यू, छिन्नमस्ता गा.पा सप्तरी ।(जानकारीको निमित्त)
३ ) श्री आर्थिक प्रशासन शाखा, छिन्नमस्ता गा.पा सप्तरी ।( प्रशासन शाखाबाट रुजु हाजिर प्रमाणितको आधारमा मात्र तलब भत्ता उपलब्ध गराउनु हुन )
४ ) श्री वडाअध्यक्षज्यूहरु सबै, छिन्नमस्ता गा.पा सप्तरी ।(जानकारीको निमित्त)
५ ) श्री सूचना प्रविधि शाखा, छिन्नमस्ता गा.पा सप्तरी । (वेबसाइटमा अपलोड गरिदिनु हुन)

पुनश्च : बिदा स्वीकृत नगराई अनुपस्थित हुने कर्मचारीको हाजिरीलाई प्रशासन शाखाबाट गयल कट्टी गरि उक्त दिनको तलब कटौती गरी मात्र भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई सिफारिस गर्नेछ र आर्थिक प्रशासन शाखाले सोही वमोजिम तलब भत्ता भुक्तानी गर्नु हुनेछ।

२०७८।८।१६

महेश कुमार शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

Email Id :- chhinnamasta.rmo.saptari@gmail.com, सम्पर्क नं(Contact No.) :-९८५२८२१५६७(9852821567)